# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎: ०७५-५२००१०, ५२०८१३
५२०१२९, ५२०२०२
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


चलानी नं.
पत्र संख्या :

मिति : २०८३।०२।२६
ने.स.११४६

## प्रेस विज्ञप्ति

मिति २०८३।२।२२ गते माडिम्यू अनलाइन मिडियामा प्रकाशित तथा सामाजिक संजालमा प्रसारित समाचार प्रति तानसेन नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेशिक कार्यक्रम सहयोग इकाईको नवप्रवर्तन साझेदारी कोष तथा तानसेन नगरपालिका, पाल्पा बीच भएको सम्झौता अनुसार संचालित तानसेन उद्यमशीलता तथा पर्यटन विकास परियोजना कार्यान्वयनको क्रममा सार्वजनिक खरिद ऐन, नियमको अधिनमा रही विद्युतीय खरिद प्रक्रिया मार्फत सूचना जारी गरी प्रतिस्पर्धात्मक तरिकाले नीति, विधि र प्रक्रिया सम्मत खरिद प्रक्रिया अगाडि वढाइएको हो । उक्त परियोजनाको कार्यान्वयन कार्ययोजना तयार गरी नगर कार्यपालिकामा छलफल गरी कार्यपालिकाबाट निर्णय भए अनुसार रकम रु.२८१००००।-(अक्षेरुपी अट्ठाइस लाख दश हजार) बराबरको कार्य गर्न सेवा परामर्श खरिद गर्नको लागि सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली बमोजिम खरिद प्रक्रिया अगाडि वढाइएको हो । खरिद प्रक्रिया अन्तर्गत आशय पत्र सम्वन्धी सूचना प्रकाशन भएकोमा गुनासोकर्ता संस्था श्री सशक्तिकरण विकास नेपाल, ता.न.पा.२ पाल्पा पनि प्रतिस्पर्धामा सहभागी भएको र उक्त संस्था सहित अन्य ५ वटा संस्थाहरु समेत संक्षिप्त सूचीमा परी जम्मा ६ वटा परामर्शदाता संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव (छुट्टाछुट्टै खामवन्दी) माग गरी प्रस्ताव आह्वान गरिएकोमा उक्त संस्था सहित अन्य ४ वटा संस्थाबाट रितपूर्वक प्रस्ताव दर्ता भएको । प्रस्ताव पत्र खोल्दा प्रस्तावकर्ता समेतको उपस्थितिमा खोलिएको र प्राविधिक प्रस्ताव मूल्याङ्कनको कार्य मूल्याङ्कन समितिबाट भएको । प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात ७ दिने आशय पत्र जारी भएको र निर्धारित समयमा उक्त संस्थाको गुनासो यस कार्यालयमा दर्ता भई पुन: मूल्याङ्कन गर्दा समेत केही फरक नपरेकोमा सोको व्यहोरा सम्वन्धित संस्था सशक्तिकरण विकास नेपाललाई पत्र मार्फत जानकारी गरिएको व्यहोरा अनुरोध छ ।

त्यस पश्चात सारभुत रुपमा प्रभावग्राही संस्थालाई नियमानुसार सम्झौता गरी कार्यादेश दिइएको र हाल उक्त संस्थाले आफ्नो कार्य गर्दै आएको छ । यस परामर्श खरिद कार्यको लागि पूर्णतया सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण परिपालना भएको छ ।

परामर्श दाता ५ वटा प्रतिस्पर्धि संस्थाहरु मध्ये सशक्तिकरण नेपाल नामक संस्था प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कनमा तेस्रो स्थानमा रहेको साथै कार्यक्रम मुख्य मन्त्रीको कार्यालय र तानसेन नगरपालिका बीच जी टु जी विधिबाट विधिसम्मत कार्यान्वयनमा आएको व्यहोरा समेत जानकारी गराउन चाहन्छौ ।

तानसेन नगरपालिका सार्वजनिक स्रोत साधनको पारदर्शी, प्रतिष्पर्धात्मक र कानूनसम्मत व्यवस्थापन प्रति प्रतिबद्ध रहेको स्पष्ट गरिन्छ । साथै सुशासन प्रक्रियामा समेत नगरपालिका सम्वेदनशील रहेको छ । मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम लगायत नगरपालिकाबाट सञ्चालित सम्पूर्ण कार्यक्रमहरु प्रचलित कानून, सार्वजनिक खरिद ऐन तथा नियमावली, वित्तीय अनुशासन र स्वीकृत कार्यविधि अनुसार संचालन गरिएका छन् ।

सार्वजनिक रुपमा उठाइएका गुनासा, प्रश्न वा सवाललाई नगरपालिकाले गम्भिररुपमा लिई यसलाई छलफल्त अन्तक्रिया गरी पुनर्मूल्यांकन गरिसकेकोले उक्त आरोपहरु निराधार रहेको स्पष्ट पार्दै संस्थागत रुपमा तानसेन नगरपालिकाका नगर प्रमुख, कार्यालय प्रमुख, प्रवक्ता, फोकल पर्सन र इन्जिनियर प्रति लगाइएका आरोपहरु निराधार र भ्रामक रहेको समेत जानकारी गराउन चाहन्छौ । यस प्रकारका विषयमा संस्था र व्यक्तिको प्रतिष्ठामा आँच पुग्ने गरी गरिने टिप्पणी तथा आरोप प्रति सम्वन्धित पक्षलाई जिम्मेवार र संयमित हुन समेत अनुरोध गर्दछौ ।

यादव सिंह कार्की
नगर प्रवक्ता

CamScanner